MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

# प्रेस विज्ञप्ति

## शेयर प्रत्याभूति सम्बन्धी सम्झौता गरिएको सम्बन्धमा

मध्य भोटेकोशी जलविद्युत कम्पनीद्वारा सिन्धुपाल्चोक जिल्लामा निर्माणाधीन १०२ मे.वा. क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माणको लागि आवश्यक पूँजी व्यवस्थापनको निमित्त यस कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भएनुसार संस्थापक शेयर धनी संस्थालाई कुल जारी शेयर पूँजीबाट छुट्टाइएको ५१% शेयर आ.ब. २०७४।७५ सम्ममा शत प्रतिशत असुल भएको तथा साधारण शेयर तर्फ छुट्टाइएको ४९% (२ करोड ९४ लाख कित्ता) मध्ये कर्मचारी संचयकोषमा रकम संचित गर्ने संचयकर्ताको लागि १९.५% (१ करोड १७ लाख कित्ता), संस्थापक कम्पनीका कर्मचारीको लागि ३.५% (२१ लाख कित्ता) एवं ऋणदाता संस्थाका कर्मचारीहरूको लागि १% (६ लाख कित्ता) गरी कुल २४% (१ करोड ४४ लाख कित्ता) शेयर प्रथम चरणमा निष्काशन गरी मिति २०७५।०९।०४ मा बाँडफाँडसमेत गरिसकिएको छ। अब, आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दाको लागि छुट्टाइएको १०% ले हुन आउने रु. १०० दरका ६० लाख कित्ता र सर्वसाधारणको लागि छुट्टाइएको १५% ले हुन आउने रु. १०० अंकित दरका ९० लाख कित्ता गरी कुल २५% ले हुन आउने १ करोड ५० लाख कित्ता शेयरबापत रु.१ अर्ब ५० करोड बराबरको शेयर द्वितीय चरणमा सार्वजनिक निष्काशन गर्नको लागि उक्त १ करोड ५० लाख शेयर कित्ता बापत रु. १ अर्ब ५० करोड शेयर मूल्य बराबरको प्रत्याभूतिको कार्यको निमित्त मिति २०७६।०९।२९ मा श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौंसंग **शेयर प्रत्याभूति सम्बन्धी सम्झौता** गरिएको व्यहोरा जानकारी गराइन्छ।

.....................
(मणि कुमार कार्की)
प्रमुख कार्यकारी अधिकृत
मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.
मिति: २०७६।०९।२९